नेपाली राजदूतावास
नयाँ दिल्ली
EMBASSY OF NEPAL
New Delhi

नेपाली राजदूतावास
नयाँ दिल्ली

# प्रेस-वक्तव्य

यही मिति अगस्त ३, २०२३ को राति भारतको उत्तराखण्ड राज्य, रुद्रप्रयाग जिल्लाको गौरीकुण्ड, केदारनाथ धामको पैदल यात्रा शुरु हुने स्थान नजिकै गएको पहिरोमा परी सोही ठाँउमा होटल व्यवसाय गरेर बसेका नेपालको जुम्ला स्थायी वसोवास भएका एकै परिवारका सात जना, सोही स्थान नजिकै रोजगारीको सिलिसिलामा रहेका जुम्ला जिल्लाकै अन्य चार जना र कालीकोट जिल्लाका पाँच जना सहित सोह्र (१६) जना नेपाली नागरिकहरु वेपत्ता भएको सोही स्थान नजिकै रहेका नेपाली नागरिकले अनुमान गरेका छन् ।यहाँको सञ्चार माध्यम र स्थानीय सरकारका पदाधिकारीका अनुसार वेपत्ता भएकाहरुको खोजि कार्य जारी रहेको जनाइएतापनि नदीको सतह बढेको र प्रतिकूल मौसमका कारण खोजि कार्यमा कठीनाई उत्पन्न भएको छ ।

आज विहान ९ बजेतिर मन्दाकिनी नदीको किनारामा फेला परेका तीनवटा शवमध्ये दुई जना नेपाली नागरिक र एक जना भारतीय नागरिक रहेको बुझिन आएको छ । दुईजना नेपाली नागरिक मध्ये एक जना कालिकोट निवासी टेकबहादुर कामीको सनाखत भएको र अर्को शवको अनुहारमा चोट लागेको कारण हालसम्म सनाखत हुन सकेको छैन ।

वेपत्ता नेपाली नागरिकको खोजि, विपदमा फसेकाहरुको उद्दार र राहत तथा मृतकहरुको शव कानूनी प्रक्रिया पूरा गरी यथाशक्य छिटो परिवारलाई हस्तान्तरण गर्न यहाँको विदेश मन्त्रालय र रुद्रप्रयागस्थित जिल्लाधिकारी समक्ष अनुरोध गरिएको छ ।

रुद्रप्रयागका जिल्लाधिकारी, त्यहाँस्थित आपदा कन्ट्रोल रुम र उत्तराखण्डस्थित Disaster Management Secretary संग नेपाली राजदूतावास निरन्तर सम्पर्कमा रहेको छ । यस सम्बन्धमा थप कुराहरु बुझ्नु पर्ने भएमा निम्न नम्बरमा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध गरिन्छ ।

१. आपदा कन्ट्रोल रुम, रुद्रप्रयाग (+91 8958757335)
२. नेपाली राजदूतवास, नयाँ दिल्ली +91 9205195035

नेपाली राजदूतवास, नयाँ दिल्ली
२०८०।४।१९